# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. खतिवडाद्वारा उद्योग संगठन मोरंगको वार्षिक साधारण सभालाई सम्बोधन



गत मंसिर १८ गते उद्योग संगठन मोरंगको ४२ औं वार्षिक साधारण सभा एवम् व्यक्तित्व सम्मान कार्यक्रमको एक समारोहकाबीच गभर्नर डा. युवराज खतिवडाले उद्घाटन गर्नु भयो।



उक्त कार्यक्रममा गभर्नर डा. खतिवडाले प्रहरी महानिरीक्षक श्री उपेन्द्रकान्त अर्याल, संविधान सभाका पूर्व सदस्य दिवाकर गोल्छा तथा अन्य केही पूर्वाञ्चलका सफल उद्योग व्यवसायीहरूलाई अभिनन्दन समेत गर्नुभयो।

प्रमुख अतिथिको आसनबाट समारोहलाई सम्बोधन गर्दै गभर्नर डा. खतिवडाले हाल अर्थतन्त्रका सबै परिसूचकहरु सकारात्मक रहेको तथा आधारभूत संरचना ठीक रहेकाले त्यही जगमा निजी क्षेत्रमाथि उठ्ने हो भन्नु भयो।

राजनीतिक दलहरुबीच आर्थिक मुद्दामा सहमति बन्दै गएको र चुनाव पछिको वातावरणले लोकतान्त्रिक संविधानको निर्माण हुनेमा आफु विस्वस्त रहेको बताउनु हुँदै गभर्नर डा. खतिवडाले नवनिर्वाचित सभासद्हरुको प्रमुख दायित्व संविधान निर्माण गर्ने भएतापनि समग्र आर्थिक क्षेत्रलाई गतिशील बनाउने, आर्थिक क्षेत्रका ऐन कानूनको तर्जुमा गर्नेतर्फ पनि जोड दिनुपर्ने तथ्यमाथि प्रकाश पार्नु भयो। व्यापार घाटा उच्च रहेतापनि सेवा क्षेत्र र विप्रेषण आप्रवाह राम्रो रहेको, चालु खाता आम्दानी र चालु खाता खर्चको अवस्था राम्रो हुनुका साथै नगद भा.रु.को समस्या हल हुदै गएको छ भन्नु भयो। उद्यमी व्यवसायीहरुले उठाएका विषयलाई आफूले गम्भिरतापूर्वक लिएको बताउनु हुँदै गभर्नर डा. खतिवडाले आर्थिक विकासका साझा मुद्दा र सवालमा राष्ट्र बैंक सरोकारवाला सबैसँग सहकार्य गर्दै अघि बढ्ने कुरा उल्लेख गर्नुभयो। निरपेक्ष बजार अर्थतन्त्र र राज्य निर्देशिक अर्थतन्त्र दुईवटा विषम विन्दुहरु हुने हुँदा उद्यमी व्यवसायी र सरकारले आ-आफ्नो तर्फबाट मध्यम बिन्दुमा सहमतितर्फ अग्रसर हुनुपर्ने बताउनु भयो। निजी क्षेत्र (उद्यमी र बैंकिङ्ग) ले व्यवसायिक मुनाफाको हितलाई मात्र नहेरी आफ्नो सामाजिक उत्तरदायित्वलाई पनि बिर्सन नहुने भन्नु हुँदै गभर्नर डा. खतिवडाले निजी क्षेत्रले समेट्न नसकेका क्षेत्रलाई राज्य र अन्य सामुदायिक क्षेत्रले उपेक्षा गर्न नमिल्नेतर्फ जोड दिनु भयो। वित्तीय क्षेत्रलाई सही दिशातिर लानलाई नियामक निकायले कहिले कठोर कदम पनि चाल्नु पर्ने र वित्तीय क्षेत्रमा हुने अपराधिक गतिविधिलाई न्यूनीकरण गर्न प्रेसको सहयोगका साथै कानुनी निकाय र नेपाल प्रहरीबाट प्राप्त हुने सहयोग प्रति गभर्नर डा. खतिवडाले आभार प्रकट गर्नु भयो। उद्योग क्षेत्रले सामना गर्नु परेको विभिन्न कठिनाइहरू, कर प्रणाली, श्रम सम्बन्ध र ऊर्जाको विषयमा गर्न सकिने सुधारतर्फ केन्द्रीय बैंक लागिपरेको जानकारी दिनुभयो।

**गभर्नरको कार्यालय**

मिति २०७० मंसिर १९ गते, बुधबार